| | | | |
|---|---|---|---|
| | दिपेन्द्रकुमार शाही | २०७३/१०/६-१२ | ६००० |
| | पवित्राकुमारी शाही | २०७३/१०/६-१२ | ६००० |
| | जम्मा | | १६००० |

**गाउ विकास समितिको कार्यालय, जुगाँथापाचौर तर्फ**

१५. **पेश्की:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्यौंट गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालमा आर्थिक वर्षको अन्त्य सम्म निम्न पेश्की बाकी रहेको देखियो । नियमावलीमा भएको व्यवस्था बमोजिम पेश्की फछ्यौंट गर्नुपर्दछ ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | कविन्द्र जैशी कार्यक्रम पेश्की | १३१,०००।०० |
| २ | सुनिलकुमार रौनीयार कार्यक्रम संचालन अनुगमन | ६०,०००।०० |
| जम्मा | | १९१,०००।०० |

१६. **विल भरपाई:** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली,२०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्विकृत गराई खर्चको विलभरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । निम्नानुसारका कर्मचारीलाई निम्नअनुसारको भुक्तानी दिएकोमा कार्य सम्पन्न गरी विल भरपाई पेश गरेको देखिएन । विल भरपाई पेश नभएको रु ६५०००.०० को विल भरपाई पेश गर्नु पर्दछ ।

| गो भौ नं. , मिति | विवरण | रकम |
|---|---|---|
| १३/०७३/११/५ | विरेन्द्र उच्च मा वि को लागि कम्प्युटर खरिद बापत सचिव सुनिल कुमार रौनीयार लाई रु ५०००० भुक्तानी दिएकोमा खरिद आदेश दाखिला प्रतिवेदन तथा विधालयलाई हस्तानतरण फारम पेश नभएको | ५००००.०० |
| १९/०७३/११/१७ | नारी दिवसमा खर्च भएको भनि शान्ता विक लाई भुक्तानी दिएकोमा विल भरपाई संलग्न नभएको | १५०००.०० |
| | जम्मा | ६५०००.०० |

१७. **अनुगमन परिक्षण:** यस कार्यालय यसैवर्ष स्थापना भएकोले गत विगत वर्षको बेरुजु रहेको देखिएन ।

## स्रोत उपयोग र उपलब्धिको विवरण

| क.स. | स्रोत | | मुख्य उपलब्धिहरु | |
|---|---|---|---|---|
| १ | यस वर्षको आम्दानी | १०१२७७२४.६ | बजेट खर्च | ४५९२५२७.०० |
| २ | कर्मचारी संख्या | स्थायी ४, करार ११ | स्थानीय तहको आम्दानी | |
| ३ | भौतिक पुर्वाधार | | धरौटी आम्दानी | २८८३२.०० |
| | • भवन संख्या | | कार्यक्रम उपलब्धि | |
| | • सवारी साधन संख्या | ३ वटा | • पञ्जिकरण कार्य, सिफारिस, नगर स्वास्थ्य | |

## बेरुजू वर्गीकरण

| क.स. | बेरुजू वर्गीकरण | दफा नं. | रकम |
|---|---|---|---|
| १ | असुल गर्नुपर्ने | ५,८,८,१,१४ | ११०३४८.०० |
| २ | नियमित गर्नुपर्ने | | |
| | • अनियमित भएको | ३,६ | ९४४७९८.०० |
| | • प्रमाण कागजात पेस नभएको | ७,९,१०,११,१३,१६ | ९१६८२०.०० |
| | • जिम्मेवारी नसारेको | | |
| | • शोधभर्ना नलिएको | | |
| ३ | पेश्की: | | |
| | • कर्मचारी | | |
| | • मोबिलाइजेसन | | |
| | • प्रतीतपत्र | | |
| | • संस्थागत | ४,१२,१५ | ५०३०००.०० |
| ४ | सैद्धान्तिक | १,२,१७ | - |
| | **जम्मा** | | २४७८९६६.०० |

गर्दा रित पुगे नपुगेको चेक जाच गरि भुक्तानी दिनुपर्ने उल्लेख छ ।कार्यालयले सयुक्त वडा कार्यालय(१,२,३) सिमा अन्तर्गत तरकारी बिउ वितरण गर्ने शान्त प्रसाद जैशीलाई रु ३०,०००।०० भुक्तानी दिएकोमा बिल भरपाई रु २०,५००।०० मात्र भएकोले वढि भुक्तानी भएको रु ९,५००।०० असुल गरि संचितकोष दाखिला गर्नुपर्दछ ।

८.१ **३४/०७४/३/२५**,कार्यालयले सयुक्त वडा कार्यालय(४,५,६) थालारैकर अर्न्तगत जनकल्याण निमावी घेरावार निर्माण गर्न रु.३,३७,४००।०० भुक्तानी दिएकोमा नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन बमोजिम २५६८५२।०० बराबरको मात्र मुल्यांकन भएकोले वढि भुक्तानी भएको रु.८०,५४८।०० असुल गरि संचितकोष दाखिला गर्नुपर्दछ ।

९. **कार्य सम्पन्न प्रतिवेदन:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ ५(१ख) बमोजिम उपभोक्ता समितिले गरेको निर्माण कार्यको मुल्याङ्कन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा कार्य सम्पन्न प्रतिवेदनको आधारमा अन्तिम किस्ता भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले सिवालय ग्रामिण विकास खोप केन्द्र निर्माण वापत रु ११०३१८।०० भुक्तानी दिएकोमा सो कार्यको नापी किताव र कार्य सम्पन्न प्रतिवेदन पेश भएन । सम्पन्न भएको निर्माण कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

१०. **आन्तरिक लेपापरिक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०२ मा आन्तरीक लेखापरीक्षणवाट निश्किएको वेरुजु अन्तिम लेखापरीक्षण भन्दा अगाडिनै नियमित वा असुल फछ्यौंट गरी वा प्रमाण पेश गरी अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ । यस कार्यालयको आन्तरीक लेखापरीक्षण बाट कायम भएको वेरुजु अन्तिम लेखापरीक्षण हुदा समेत फछ्यौट भए गरेको देखिएन । नियममा व्यवस्था भए वमोजिम निम्नानुसारको आन्तरिक लेखापरीक्षण वेरुजु असुल फछ्यौंट गर्नु पर्दछ ।

| ब.उ.शि.न. | गो.भौ.नं., मिति | ब्यहोरा | रकम |
|---|---|---|---|
| ३०२११०३ | २/०७४/१/१० | चन्द्रबहादुर ब गिरि सिप विकास तालीमा कार्यक्रम प्रस्तावना नभएको | १०००००।०० |
| चालु अनुदान | ३/०७४/३/१५ | साविक सिमा घरभाडा भुक्तानी दिएकोमा भरपाई नभएको | ८००५.०० |
| पुंजिगत अनुदान | २३/०७४/३/२५ | सयुक्त वडा कार्यालय ४,५,६ तर्फ चिउदुवा थलारैकर गाविस सडक निर्माणको नापी किताव, कार्यसम्पन्न पेश नभएको | १६५,४७६.०० |
| पुजिगत अनुदान | २६/०७४/३/२५ | सयुक्त वडा कार्यालय ४,५,६ तर्फ जनजाती सामुदायिक भवन निर्माण गर्न देविमाया मगारलाई भुक्तानी दिएकोमा सम्झौता, ल.इ. नापी किताव , कार्यसम्पन्न पेश नभएको | ५५१५८.०० |
| पुजिगत अनुदान | ३३/०७४/३/२५ | सयुक्त वडा कार्यालय ४,५,६ तर्फ आयआर्जन कार्यक्रम भनि बाख्रा खरिद तथा वितरण वापत समूह अध्यक्ष विर्मी वादिलाई भुक्तानी दिएकोमा खरिद विल तथा वितरण भरपाई नभएको | ५५१५८.०० |
| पुजिगत अनुदान | २९/०७४/३/२५ | सयुक्त वडा कार्यालय ७,८,९ तर्फ वडाखोला चौकी जलविद्युत आयोजनको कुलो निर्माण गर्न जग व शाहीलाई भुक्तानी दिएकोमा नापी किताव र कार्यसम्पन्न प्रतिवेदन पेश नभएको | १५००००.०० |
| | ३९/०७४/३/२५ | सयुक्त वडा कार्यालय ७,८,९ तर्फ भुजेरी तालीम संचालन गरि निर्मल थापालाई भुक्तानी दिएकोम सहभागीको उपस्थिति नभएको | १५०,०००.०० |
| | | **जम्मा** | ५८३,७९७.०० |

**गाउ विकास समितिको कार्यालय, सिमा तर्फ**

११. **विल भरपाई:**स्थानीय निकाय आर्थिक प्रसासन नियमावली,२०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्विकृत गराई खर्चको विलभरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । कार्यालयले सुर्क्षित सुत्केरी सामाग्री खरिद वापत स्वाथ्य चौकी सिमाका इन्चार्जको ९०,०००।०० पेश्की फछ्यौंट गरेकोमा ति समानहरु जिन्सी दाखिला गरेको देखिएन । खरिद भएका सामानको जिन्सी दाखिला पेश गर्नुपर्दछ ।

१२. **पेश्की:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फाटवारी पेश गरी फछ्यौंट गर्नु गराउनुपर्ने व्यवस्था छ । कृषि वन तथा वातावरण समितिका अध्यक्ष डिलसरा खत्री लाई दिएको कार्यक्रम पेश्की रु.१,००,०००।०० फछ्यौंट भएको देखिएन । नियमानुसार पेश्की फछ्यौंट गर्नुपर्दछ ।

१३. **आन्तरिक श्रोत:** यस वर्ष आन्तरिक श्रोतबाट मालपोत दस्तुर बापत रु.१८,८१९।५० को २५ प्रतिशतले रु ४७०५।०० जि वि स कोषमा दाखिला गरेको देखिएन । उक्त रकम जि वि स कोष खातामा दाखिला गर्नुपर्दछ ।

**गाउ विकास समितिको कार्यालय, थलारैकर तर्फ**

१४. **दैनिक भ्रमण भत्ता:** ०८/०७३/११/२४, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८८ मा स्थानीय निकायका पदाधिकारीले जिल्ला बाहिर भ्रमण गर्नुपर्दा दैनिक तथा भ्रमण भत्ता पाउने व्यवस्था छ। निम्न अनुसारका कर्मचारीहरु निम्नअनुसारको अवधिमा काज खटिएको भनि दैनिक तथा भ्रमण भत्ता भुक्तानी दिएकोमा निजहरुको हाजिरि अभिलेख परिक्षण गर्दा निजहरु सो अवधिमा कार्यालयमानै हाजिर रहेको देखिएकोले कार्यालयमा हाजिरी रहेको अवधिको दैनिक भ्रमण भत्ता भुक्तानी दिन नमिल्ने रु १६,०००।०० असुल गरि संचितकोष दाखिला गर्नुपर्दछ ।

| **कर्मचारीको नाम** | **भ्रमण अवधि** | **भुक्तानी रकम** |
|---|---|---|
| दानबहादुर शाही | २०७३/६/१३-१८ | ४००० |

| दफा नं. | भौ.न., मिति र व्यहोरा |
|---|---|
| | कार्यालयबाट प्राप्त आर्थिक विवरण एवं आर्थिक कारोबारहरुको, स्विकृत बार्षिक लेखापरीक्षण योजना बमोजिम तयार गरिएको जोखिममा आधारीत इकाईगत लेखापरीक्षण योजना अनुसार पेश भए सम्मको श्रेस्ता एव प्रमाण कागजातहरुको आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोरा उपर मिति २०७३।०७।३० मा व्यवस्थापनसंग छलफल गरी कायम भएका व्यहोराहरु निम्नानुसार छन् । |
| | **सिवालय गाउँपालिका तर्फः** |
| १. | **लेखापरिक्षणको क्रममा असुलीः** वातावरण भ्रमण कार्यक्रम बापत पेश्की लिएको रु.३,००,०००।० गाउपालीका मुलकोष खातामा २०७४।७।१२ मा दाखिला भएको तथा अग्रिम आयकर, बहालकर, बढि भुक्तानी भएको रु १७,५८३।०० लेखापरिक्षण बाट औल्याएपछि संचितकोष दाखिला भएको छ । |
| २. | **आन्तरिक नियन्त्रणः** कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्यांकन गर्दा जिन्सी निरिक्षण नगरेको, कार्यालयको वेभसाइट नरहेको, रसिद नियन्त्रण खाता नराखेको, बार्षिक खरिद योजना नवनाएको, पेश्की खाता नराखेको, गत विगत बर्षको पेश्की बाँकीको अद्यावधिक अभिलेख नराखेको, सचालीत योजनाको अनुगमन प्रतिवेदन तयार नगरेको, योजनाहरुको जाँचपास फरफारक नगरेको, नियममा व्यवस्था भएक अनुसुचीहरुको प्रयोग नगरेको, पेश्की फछ्र्यौट समयमानै हुने नगरेको, कन्टिनजेन्सी खातामा खर्चको हिसाव नराखेको,सचालीत आयोजनाहरुको सामाजिक परिक्षण नगराएको, आन्तरिक आय असुली प्रभावकारी नदेखिएको कार्यालयमा आइपर्ने जोखिम पहिचान नगरेको जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखियो । प्रचलीत ऐन, नियममा भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ । |
| ३. | **सोझै खरिदः ७,८/०७४/१/२५** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । कार्यालयले फर्नीचर खरिद गरि देउती फर्नीचर उधोगलाई २ पटक गरि कुल रु ९३१९७८।०० भुक्तानी गरेको नियम सम्मत देखिएन । नियमावलीमा भएको व्यवस्था बमोजिम खरिद कार्य गर्नु पर्दछ । |
| ४. | **पेश्कीः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फाटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । कार्यालमा आर्थिक बर्षको अन्त्य सम्म निम्न पेश्की बाकी रहेको देखियो । नियमावलीमा भएको व्यवस्था बमोजिम पेश्की फछ्र्यौट गर्नुपर्दछ । |

| ब.उ.शि.नं. | गो भौ नं. , मिति | पेश्की लिनेको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| ६०२११०३ | - | सुनिल कुमार रौनीयार | १७६०००.०० | गाउपालीका तर्फ |
| पुजिगत अनुदान | २०७३.११.११ | गोपाले दमाई | ४००००.०० | वलारैकर |
| | **जम्मा** | | २१६०००.०० | |

| दफा नं. | भौ.न., मिति र व्यहोरा |
|---|---|
| ५. | **आयकरः** आयकर ऐन , २०५८ को दफा ८८ र ८९मा अग्रीम कर कट्टा गरि भुक्तानी गर्नुपर्ने उल्लेख छ । देहाय बमोजिमको भुत्तानी गरेकोमा अग्रीमकर कट्टा गरेको देखिएन । अग्रीम करको बापतको रु ४३००.०० कट्टा गरि संचितकोष दाखिला गर्नु पर्दछ। |

| गो भौ न., मिति | विवरण | रकम | भाडाकर | कैफियत |
|---|---|---|---|---|
| १३/०७४/२/२३ | सामान ढुवानी | ६७०००.०० | ६७००.०० | वलारैकर सयुक्त वडा कार्यालय |
| विविन्न | सामान खरिद | १४१३११।०० | २१२०।०० | वलारैकर सयुक्त वडा कार्यालय |
| ११/०७४/३/२५ | परिषद खर्च सामान खरिद | १२५०००.०० | ३९००.०० | भाडा कर समेत |
| ३३/०७४/३/२५ | हलभाडा भुक्तानी | ४०००.०० | ४००.०० | जुगाथाचौर सयुक्त वडा कार्यालय |
| जम्मा | | | ४३००.०० | |

| दफा नं. | भौ.न., मिति र व्यहोरा |
|---|---|
| ६. | **दैनीक तथा भ्रमण भत्ताः** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम १८८ मा स्थानीय निकायका पदाधिकारीले जिल्ला वाहिर भ्रमण गर्नुपर्दा दैनिक तथा भ्रमण भत्ता पाउने व्यवस्था छ । सचिव मान बहादुर सारुले मिति २०७४।१।३-७ तथा २०७४।२।२५ देखी २।२९ सम्म भ्रमण गर्दा भ्रमण आदेश स्विकृत नगरी भ्रमण भत्ता बापत रु.१२,८२०।०० भुक्तानी लिएको नियम सम्मत देखिएन । नियमावलीमा भएको व्यवस्था बमोजिम भ्रमण आदेश स्विकृत गराएर मात्र भ्रमण भत्ता भुत्तानी गर्नुपर्दछ । |
| ७. | **विल भरपाईः** ४६/०७४/३/२५,स्थानीय निकाय आर्थिक प्रसासन नियमावली,२०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्विकृत गराई खर्चको विलभरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । कार्यालयले स्वास्थ्य चौकी सिमामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई विभिन्न भत्ता बापत रु ६३,०००।०० खर्च लेखेकोमा सोको विलभरपाई पेश भएको छैन । प्रमाण कागजात संलग्न गरि खर्च गर्नुपर्दछ । |
| ८. | **बढि भुक्तानीः**३४/०७४/३/२५,स्थानीय निकाय आर्थिक प्रसासन नियमावली,२०६४ को नियम ४६(६) मा भुक्तानी |

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

कार्यालय र स्थान: सिवलाय गाँउपालीका, जाजरकोट
आर्थिक वर्ष:२०७३।०७४

| | | नाम | कार्यरत अवधि | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| गाउँपालिका | कार्यालय प्रमुख: | लोक बहादुर कुसारी | २०७३/१२/१ | हालसम्म | २०१२२६१.०० |
| | लेखा प्रमुख: | असोक कुमार खत्री | २०७३/१२/१ | हालसम्म | २०१२२६१.०० |
| धलारैकर | कार्यालय प्रमुख: | मान बहादुर साउ | २०७३/४/१ | हालसम्म | १६०००.०० |
| सिमा | कार्यालय प्रमुख: | चन्द्र बहादुर गिरि | २०७३/४/१ | हालसम्म | ११४७०५.०० |
| जुगाथापाचौर | कार्यालय प्रमुख: | सुनील कुमार रौनियार | २०७३/४/१ | हालसम्म | २५६०००.०० |

## आर्थिक कारोबारको स्थिति

### एकिकृत आय व्यय विवरण

| आय | | | | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | ०७३ फागुन सम्मको | ०७३ चैत्र देखि ०७४ असार सम्मको | जम्मा | विवरण | ०७३ फागुन सम्मको | ०७३ चैत्र देखि ०७४ असार सम्मको | जम्मा | बाँकी |
| **सिमा गा वि स(१,२,३)** | | | | **सिमा गा वि स (१,२,३)** | | | | |
| गतवर्षको ब ज्या | ०.९१ | ० | ०.९१ | | ० | ० | ० | ०.९१ |
| झोलुंगेपुल क्षेत्रगत कार्यक्रम | ० | १२००० | १२००० | झोलुंगेपुल क्षेत्रगत कार्यक्रम | ० | १२००० | १२००० | ० |
| आन्तरिक आय | ३६४२५ | १०००५ | ४६४३० | आन्तरिक चालु तथा पुँजिगत खर्च | ३५००० | ६७२५ | ४१७२५ | ४७०५ |
| गाउ विकास समिति अनुदान | ३४०३५०८ | १५९७५७५ | ५००१०८३ | गाउ विकास समिति अनुदान | २०२६८४५ | २९५३०२३ | ४९७९८६८ | २१२१५ |
| संस्कृति पर्यटन | ० | ९८००० | ९८००० | संस्कृति पर्यटन | ० | ९८००० | ९८००० | ० |
| जम्मा | ३४३९९३२.९१ | १७१७५८० | ५१५७५१२.९ | | २०६१८४५ | ३०६९७५२ | ५१३१५९७ | २५९१६.९१ |
| **धलारैकर गा विस (४,५,६)** | | | ० | **धलारैकर गा विस (४,५,६)** | | | ० | ० |
| गतवर्षको ब ज्या | ३५००२.९८ | ० | ३५००२.९८ | | ० | ० | ० | ३५००२.९८ |
| झोलुंगेपुल क्षेत्रगत कार्यक्रम | ० | ६००० | ६००० | झोलुंगेपुल क्षेत्रगत कार्यक्रम | ० | ६००० | ६००० | ०.०० |
| आन्तरिक आय | ० | ३३०६८ | ३३०६८ | आन्तरिक चालु तथा पुँजिगत खर्च | ० | ० | ० | ३३०६८.०० |
| गाउ विकास समिति अनुदान | १९५६९३९ | २४०४०३४ | ४३६०९७३ | गाउ विकास समिति अनुदान | १९५६९३९ | २३८०६९० | ४३३७६२९ | २३३४४.०० |
| निर्वाचन क्षेत्र विकास कार्यक्रम | ४४५०६० | ० | ४४५०६० | निर्वाचन क्षेत्र विकास कार्यक्रम | ३५०५१७ | ९४५४३ | ४४५०६० | ०.०० |
| सडक नेपाल | ० | १५०००० | १५०००० | सडक नेपाल | ० | १५०००० | १५०००० | ०.०० |
| जम्मा | २४३७००१.९८ | २५९३१०२ | ५०३०१०४ | | २३०७४५६ | २६३१२३३ | ४९३८६८९ | ९१४१४.९८ |
| **जुगा थापाचौर (७,८,९)** | | | ० | **जुगा थापाचौर (७,८,९)** | | | ० | ० |
| गतवर्षको ब ज्या | ३६१४२.७१ | ० | ३६१४२.७१ | कृषि राहात वितरण | ३६१३९ | ० | ३६१३९ | ३.७१ |
| झोलुंगेपुल क्षेत्रगत कार्यक्रम | ० | १२००० | १२००० | झोलुंगेपुल क्षेत्रगत कार्यक्रम | ० | १२००० | १२००० | ० |
| आन्तरिक आय | ० | २८८३२ | २८८३२ | आन्तरिक चालु तथा पुँजिगत खर्च | ० | २८०४८ | २८०४८ | ७८४ |
| गाउ विकास समिति अनुदान | १९४५२३८ | ३०५४१०४ | ४९९९३४२ | गाउ विकास समिति अनुदान | १९१३७०० | ३०७६०३७ | ४९८९७३७ | ९६०५ |
| निर्वाचन क्षेत्र विकास कार्यक्रम | २०३००० | ० | २०३००० | निर्वाचन क्षेत्र विकास कार्यक्रम | २०३००० | ० | २०३००० | ० |
| खाद्य कार्यक्रम | १९१००० | ० | १९१००० | खाद्य कार्यक्रम | १९१००० | ० | १९१००० | ० |
| संस्कृति पर्यटन | ० | १९६००० | १९६००० | संस्कृति पर्यटन | ० | १९६००० | १९६००० | ० |
| जम्मा | २३७५३८०.७१ | ३२९०९३६ | ५६६६३१६.७ | ० | २३४७२३९ | ३३०८६८५ | ५६५५९२४ | १०३९२.७१ |
| **सिवालय गाउपालीका** | | | | **सिवालय गाउपालीका** | | | | |
| [illegible] | ० | १२७७२४.६० | १२७७२४.६० | | | | | |
| [illegible] संरचना पूर्वाधार विकास कार्यक्रम | ० | १०००००००० | १०००००००० | सक्रिय संरचना पूर्वाधार विकास कार्यक्रम | ० | ४५९२५२७ | ४५९२५२७ | |
| | | ० | | मौज्दात बैंक मौज्दात | | ५५३५१९७.६ | ५५३५१९७.६ | |
| जम्मा | ० | १०१२७७२४.६ | १०१२७७२४.६ | | ० | १०१२७७२४.६ | १०१२७७२४.६ | |

# महालेखा परीक्षकको कार्यालय

Office of the Auditor General

डोरमुकाम, जाजरकोट

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL


अछावे

पत्र संख्या: २०७४/७५
च.नं. १०२

मिति: २०७४।८।१०

विषय: लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यू,
सिवालय गाँउपालीका,
जाजरकोट ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस गाउँपालिकाको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।०७।३० मा छलफल पश्चात् तयार गरिएको पाना ४ (चार) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ। प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्योट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्योट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

२०७४।८।१०

(परशुराम न्यौपाने)
निर्देशक

बोधार्थ तथा कार्यार्थ:
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौं:- प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
जाजरकोट:- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
जाजरकोट:-प्रतिवेदन संलग्न छ

श्री प्र.प्र.अ. आवश्यक कारबाही गर्नेगरी

दर्ता ९३८
८।१०४